१. मिति २०६७।२।२४ गतेको गोरखापत्र र नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

नेपाल सरकार, अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

## कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय बबरमहलको

## <u>सरकारी बाँकी रकम तिर्ने बुझाउने सम्बन्धी</u>

## <u>अत्यन्त जरुरी सूचना</u>

कानून बमोजिम सरकारी बाँकी असुल उपर गर्नुपर्ने रकम यस कार्यालयमा लगत कायम गरिएको र त्यस्तो रकम तिर्न पर्ने व्यक्तिहरुलाई रकम तिर्न समय समयमा पत्राचार गरी जानकारी गराईएकै छ । केहि व्यक्तिहरुबाट हालसम्म पनि उक्त रकम दाखिल हुन नआएकोले सरकारी बाँकी रकम असुलीमा बाधा उत्पन्न हुन गएको हुंदा यस कार्यालयमा तुरुन्त सम्पर्क राखी रकम तिर्नु हुन पुन अनुरोध गरिन्छ । रकम नबुझाएमा त्यस्ता व्यक्तिहरुको तीन पुस्ते र स्थायी ठेगाना सहितको बिबरण सार्बजनिक गरिने ब्यहोरा जानकारी गराईन्छ । सम्पर्क फोन नं. ४२४०७४९ (कार्यालय समयमा)

**कार्यालय प्रमुख**

२. मिति २०६७।३।१८ गतेको गोरखापत्र र कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

नेपाल सरकार,

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

## कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय बबरमहलको

## <u>सरकारी बाँकी रकम तिर्ने बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना</u>

कानून बमोजिम तेजारथ सापटी, घरेलु ऋण र वेरुजु लगायतको सरकारी बाँकी असुल उपर गर्नुपर्ने रकम यस कार्यालयमा लगत कायम गरिएको र त्यस्तो रकम तिर्न पर्ने व्यक्तिहरुलाई रकम तिर्न समय समयमा पत्राचार गरी जानकारी गराईएकै छ । केहि व्यक्तिहरुबाट हालसम्म पनि उक्त रकम दाखिल हुन नआएकोले सरकारी बाँकी रकम असुलीमा बाधा उत्पन्न हुन गएको हुंदा यस कार्यालयमा तुरुन्त सम्पर्क राखी रकम तिर्नु हुन पुन अनुरोध गरिन्छ । रकम नबुझाएमा त्यस्ता व्यक्तिहरुको तीन पुस्ते र स्थायी ठेगाना सहितको बिबरण चांडै सार्बजनिक गरिने ब्यहोरा पुन जानकारी गराईन्छ । सम्पर्क फोन नं. ४२४०७४९ (कार्यालय समयमा)

**कार्यालय प्रमुख**